# कक्षा १० को नेपाली पाठ्यपुस्तक २०७४ मा समाविष्ट रूपक विधाको अध्ययन

**शोधार्थी**

कृष्णकुमारी पहरी

क्याम्पस क्रमाङ्क नं. : ९८

परीक्षा क्रमाङ्क : २१४००४४/२०७३

त्रि.वि. दर्ता नं. : ९-१-२१४-१४२-२००८

शैक्षिक वर्ष : २०७१/०७२

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा अन्तर्गत

स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. (५९८)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षण विभाग

सुन्दरहरैँचा, मोरङ

२०७८

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षण विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको अध्ययन शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनका लागि कहीँ कतै पेस नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

..................................

कृष्णकुमारी पहरी
एम.एड. दोस्रो वर्ष
नेपाली भाषा शिक्षण विभाग

मिति : २०७८/ /

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषा शिक्षण विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत : नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको अध्ययनशीर्षकको शोधपत्र कृष्णकुमारी पहरीले मेरो निर्देशनको मातहतमा रही मिहिनेतका साथ सिर्जनात्मक तथा नितान्त मौलिक रूपमा तयार पार्नुभएकाले यस शोधकार्यप्रति म सन्तुष्ट छु । अतः यस शोधकार्यलाई मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षण विभागसमक्ष सिफारिस गर्दछु ।

..................................

दीपक गौतम
शोधनिर्देशक
सुकुना बहुमुखी क्याम्पस
नेपाली भाषाशिक्षण विभाग
सुन्दरहरैँचा, मोरङ

मिति : २०७८//

## कृतज्ञताज्ञापन

शोधकार्य आफैँमा गहन र जटिल विषय हो । शोधकार्य पूरा गर्न कठोर परिश्रम र धैर्यको आवश्यकता पर्ने कुराको यथार्थ अनुभव यस अनुसन्धानका क्रममा भएको छ । यस अघि भएका नेपाली भाषा पाठ्यपुस्तकका नमूना अभ्यासहरूको अध्ययन र रूपक विधासँग सम्बन्धित शोधपत्रको अध्ययनले शोधकार्यको सहज बनाउन सहयोग गरेको छ । यसै सिलसिलामा “कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको अध्ययन” शीर्षकको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, स्नातकोत्तर तह द्वितीय वर्ष, नेपा.शि. ५९८ को आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको हो । मलाई यस अवस्थासम्म आइपुग्ने काममा सधै उत्प्रेरणा दिनुहुने सम्पूर्ण गुरुहरू प्रति म सदा-सर्वदा अनुग्राही बन्ने छु । यस शोधपत्र तयार पार्नका लागि आफ्नो कार्य व्यस्तताको समयमा पनि आफ्नो अमूल्य सुझाव सल्लाहहरू प्रेरणा र कुशल निर्देशन दिनुहुने श्रद्धेय गुरु दीपक गौतम ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

त्यसैगरी विभागीय स्वीकृति प्रदान गरी सहयोग गरिदिनु हुने विभागीय प्रमुख आदरणीय गुरु उमानाथ भट्टराई प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै मलाई यो अध्ययनका लागि आवश्यक पर्ने सन्दर्भ सामग्रीहरू उपलब्ध गराई सहयोग गर्नु हुने सुकुना क्याम्पस पुस्तकालय परिवारलाई हार्दिक कृतज्ञातज्ञापन गर्न चाहान्छु ।

प्रस्तुत शोधपत्र लेखनका दौरानमा आवश्यक सुझाव र सल्लाह र सूचना प्रदान गरी सहयोग पुऱ्याउनु हुने आत्मीयमित्र जिनुका कार्की प्रति विशेष आभार व्यक्त गर्दछु । त्यसैगरी हरेक क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने मेरा परिवारका सम्पूर्ण सदस्यहरूमा पनि आभार व्यक्त गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधकार्यलाई कम्प्युटर टाइप गरी छिटो छरितो र शुद्धसँग कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने टिना कम्प्युटर सेन्टरका सम्पूर्ण सदस्यहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

कृष्णकुमारी पहरी

# शोधसार


शोधशीर्षक : नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको अध्ययन

शोध निर्देशक : दीपक गौतम

शोधकर्ता : कृष्ण कुमारी पहरी

क्याम्पस : सुकुना बहुमुखी क्याम्पस

पृष्ठ सङ्ख्या : ५३

शैक्षिक वर्ष : २०७२/०७३

कक्षा १० नेपाली पाठ्यपुस्तक (२०७४) मा समाविष्ट रूपक विधाको अध्ययन शीर्षकमा यो शोधकार्य गरिएको छ । यो शोधपत्र नेपाली भाषा शिक्षण विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा. शि. ५९८ पाठ्यपुस्तकको पाठ्यांश पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो । यसमा निम्न शोध समस्याहरूलाई उठान गर्दै तिनीहरूको समाधान गर्ने उद्देश्य राखिएको छ :

क) कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश रुपक विधाका पाठहरू पाठ्यक्रम अनुरूप छन् ?

ख) रूपक विधाबाट भाषा सिकाइमा के-कस्तो सहयोग प्राप्त हुन्छ ?

ग) रूपक विधाबाट विद्यार्थीका शैक्षिक र मनोवैज्ञानिक पक्षको विकासमा कसरी सघाउ पुऱ्याउँछ ?

घ) रूपक विधामा रहेका कमिकमजोरीहरू हटाउन के-कस्ता उपायहरू अपनाउन सकिन्छ ?

कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएको रूपक विधा अन्तर्गतका ३ ओटा पाठहरूलाई पाठ्यक्रम अनुरूपताका आधारमा, रूपक विधाबाट भाषिक सीप सिकाइमा पुग्ने सहयोगका आधारमा, विद्यार्थीको शैक्षिक र मनोवैज्ञानिक पक्षको अध्ययनको आधारमा अध्ययन गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यहरू कक्षा १० को नेपाली पाठ्यपुस्तकम्प समाविष्ट रूपक विधाका पाठहरू पाठ्यक्रम अनुरूप भए नभएको

विश्लेषण गर्नु, रूपक विधाबाट भाषा सिकाइमा पुग्ने सहयोगको विश्लेषण गर्नु, रूपक विधाहरूबाट विद्यार्थीका शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुरूप विश्लेषण गर्नु, पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधा अन्तर्गतका पाठहरूको कमजोरी हटाउन आवश्यक उपायहरू सुझाउनु रहेका छन् ।

यस शोधको पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा परिच्छेद तीनमा अध्ययनको विधि र प्रक्रिया, चौथो परिच्छेदमा निष्कर्ष तथा सुझावहरू राखिएको छ । यसमा कक्षा १० को नेपाली पाठ्यपुस्तक (२०७४) मा रहेको रूपक विधा अन्तर्गतका पाठहरूको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन, रूपक विधाबाट भाषा सिकाइमा पुग्ने सहयोगको विश्लेषण, रूपक विधाबाट विद्यार्थीका शैक्षिक र मनोवैज्ञानिक पक्ष अनुरूप विश्लेषण गरी प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण र प्रतिशताङ्क समेत गरिएको छ । पुस्तकालयीय र वर्णनात्मक विधिको माध्यमबाट रूपक विधाका पाठहरूको व्याख्या र विश्लेषण गरी यो अध्ययन गरिएको छ ।

कक्षा १० को रूपाक विधालाई हेर्दा पाठ्यक्रमले निर्देश गरेअनुरूपका रूपक विधाका पाठहरू समाविष्ट गरिए पनि भाषिक सीप विकासका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइका क्रियाकलाप समान रूपमा नभएको पाइन्छ । रूपक विधाका पाठहरूमा प्रस्तुत भाषा शैली केही मात्रामा क्लिष्ट रहेको भए पनि सिकारुको रुचि, तह र क्षमता ख्याल गरि पाठ्यवस्तु छनोट गर्न खोजिएको छ ।

# विषयसूची

*प्रतिबद्धता पत्र* ख
*सीफारिस पत्र* ग
*स्वीकृति पत्र* घ
*शोधसार* ङ
*कृतज्ञता* छ

**परिच्छेद - एक**

**परिचय**

अध्ययनको पृष्ठभूमि १
समस्या कथन ३
अध्ययनको उद्देश्य ३
अनुसन्धानात्मक प्रश्नहरू ४
अध्ययनको महत्त्व ४
अध्ययनको परिसीमा ५

**परिच्छेद - दुई**

**सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा**

सैद्धान्तिक साहित्यको पुनरवलोकन ६
सम्बन्धित साहित्यको पुनरवलोकन ७
पुनरवलोकनको उपादेयता ११
सैद्धान्तिक / अवधारणात्मक ढाँचा १२

**परिच्छेद -तीन**

**अध्ययनको विधि र प्रक्रिया**

अध्ययनको ढाँचा र विधि १४
अध्ययनको क्षेत्र १४
तथ्याङ्क सङ्कलनका साधन र तरिका १४
तथ्याङ्क सङ्कलन प्रक्रिया १५
तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १५

## परिच्छेद चार

## नतिजाको व्याख्या एवम् विश्लेषण

पाठ्यक्रम अनुरूपताका आधारमा रूपक विधाको अध्ययन १६
रुपक विधा शिक्षणका प्रयोगजनहरू १७
मनोवाद १९
म गर्नु सक्छु
वादविवाद २२
'स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस' वादविवादको विश्लेषण २३
एकाङ्की २४
'टीका' एकाङ्कीको विश्लेषण २६
रूपक विधाबाट भाषा सिकाइमा पुग्ने सहयोगको अध्ययन २७
सुनाइ सीप २८
बोलाइ सीप ३०
पढाइ सीप ३२
लेखाइ सीप ३३
रूपक विधाको शैक्षिक तथा मनोवैज्ञानिक पक्षको विश्लेषण ३५
कमीकमजोरीहरू हटाउने उपायहरू ३८

## परिच्छेद : पाँच

## निष्कर्ष तथा सुझाव

निष्कर्ष ४०
सुझावहरू ४१
नीतिगत तहका लागि सुझाव ४१
अभ्यास तहका लागि सुझाव ४२
अनुसन्धान तहका लागि सुझाव ४३
सन्दर्भसूची